कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कटारी, उदयपुर ।

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०४/२४)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) पत्र सं २३, मिति २०७७/०४/१२ गतेको पत्रानुसार यस कटारी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन अनुरोध छ ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २०७७/०७८ - ०१ | प्राविधिक सहायक | स्थानीय तहको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

**क) सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।**

**ख) अनुभव र सीप** : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टोलिमा काम गरेको अनुभव,पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**ग) उमेर**:- कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थानः** कटारी नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा

**३. आवेदन दस्तुरः** रू. १०००/- (फिर्ता नहुने)

**४. छनौटको किसिम**:-प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता ।

**५. आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरूः** आवेदक स्वंयले देहायका कागजात प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

- नेपाली नागरिकताको प्रतितिपी
- न्यूनतम शैक्षिक योग्यताको लब्धांक पत्रको प्रतिलिपी (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण)
- चारित्रिक प्रमाणपत्र
- कार्य अनुभव खुल्ने कागजपत्रको प्रमाणित प्रतिलिपी
- २ प्रति पासपोर्ट साइजको फोटो

**७. सेवासुविधा :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा(११),(१२),(१३) अनुसार।

**८. कार्य विववरण** :- गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफ (९) बमोजिम ।

**९. आवेदन फाराम पाइने स्थान** : कटारी नगरपालिकाको कार्यालय राजश्व शाखा वा www.katarimun.gov.np वा www.pmep.gov.np वाट download गर्न सकिनेछ ।

**१०. सम्पर्क मिति:-** २०७७।०५।०७

**११. परीक्षा मिति** :- सम्पर्क मितिमा तोकिने छ ।

**१२. अन्य जानकारीको लागि यस नगरपालिकाको कार्यालय प्रशासन शाखामा सम्पर्क गर्नहुन अनुरोध छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**